राष्ट्र निर्माणमा एउटै संकल्प विद्युत र सौर्य ऊर्जा पहिलो विकल्प
राष्ट्रिय साप्ताहिक

# विद्युत संसार

Bidhut Sansar
National Weekly




वर्ष ८ अंक ०८ पूर्णाङ्क ३३६ १० जेठ २०८०, बुधवार www .bidhutsansar .com WEDNESDAY, 24 MAY, 2023 पृष्ठ ८ मूल्य: रु.१५

नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक

## ठूला जलाशययुक्त जलविद्युत आयोजनामा ध्यान 'छैन लगानी सुनिश्चितता'



आर्थिक वर्ष २०८०/८१ नीति तथा कार्यक्रम

शिखर श्रेष्ठ

**काठमाडौं, जेष्ठ ।** मुलुकको अर्थतन्त्र सुधारलाई केन्द्रमा राख्दै सरकारले नयाँ आर्थिक वर्ष २०८०/८१ का निम्ति नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत भएको छ । शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को संयुक्त बैठकमा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो ।

आगामी वर्षको नीति तथा कार्यक्रमले संविधान र सङ्घीयताको कार्यान्वयनलाई आधार बनाउँदै अर्थतन्त्रको संरचनागत सुधारमा जोड दिएपनि विकासका गतिलाई बढाउन ठोस नयाँ योजनाहरू आउन सकेको छैन । विगतका वर्षमा घोषणा गरिँदै आएको औद्योगिक पूर्वाधारमा सुधार गर्ने, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने, चालु खर्च घटाउँदै जाने, पुँजीगत खर्च बढाउने, सार्वजनिक निर्माणलाई चुस्त बनाउने, पूर्वाधार निर्माणका क्रममा देखिएका



समस्या समाधान गर्ने, पर्यटकीय पूर्वाधार विकास गर्ने लगायतका कार्यक्रम यस पटक पनि नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

देशको विकासमा ठूलो हिस्सा रहेको ऊर्जा क्षेत्रमा पनि विगतका वर्षहरूको नीति तथा कार्यक्रम अनुसार नै रहेका छन् । शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति पौडेलले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा ठूला र जलाशययुक्त जलविद्युत आयोजना निर्माण गर्ने प्राथमिकता दिदैं जलविद्युत आयोजनाहरूमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने विषय समावेश गरिएको छ साथै १२ सय मेगावटको बुढीगण्डकी जलविद्युत आयोजना प्राथमिकताका साथ अघि बढाइने विषयले प्राथमिकता पाएको छ । यस्ता आयोजना निर्माणमा आन्तरिक तथा बाह्य पूँजी परिचालन गर्ने नीति लिने भनिएता पनि यसमा लगानी जुटाउन सहज नहुने आइतबार र सोमबार भएको

बाँकी पृष्ठ ६ मा...

तामाकोसी पाँचौं जलविद्युत आयोजना

## निर्माणका लागि त्रिपक्षीय ऋण सम्झौतामा हस्ताक्षर

विद्युत संसार संवाददाता

**काठमाडौं ८ जेठ ।** तामाकोसी पाँचौं जलविद्युत आयोजना निर्माणका लागि त्रिपक्षीय ऋण सम्झौतामा हस्ताक्षर भएको छ । दोलखाको बिगु गाउँपालिकामा निर्माण हुने ९९.८ मेगावाटको आयोजना निर्माण अवधिको ब्याजसहित २१ अर्ब १४ करोड रुपैयाँ अनुमानित लागत रहेको आयोजनामा कर्मचारी सञ्चय कोषले १३ अर्ब ७४ करोड ऋण लगानी गर्ने भएको छ । सञ्चयकोषले यसअघि माथिल्लो तामाकोशी, साञ्जेन, रसुवागढी, मध्यभोटेकोशी जस्ता आयोजना लगानी गरिसकेको छ ।

आइतबार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री शक्तिबहादुर बस्नेतको उपस्थितिमा नेपाल विद्युत प्राधिकरण, आयोजनाको प्रवर्द्धक तामाकोसी जलविद्युत कम्पनी र कर्मचारी सञ्चयकोषबीच त्रिपक्षीय ऋण सम्झौतामा हस्ताक्षर भएको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, कोषका प्रशासक जितेन्द्र धिताल



र कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) विनोद भण्डारीले सम्झौतामा हस्ताक्षर गर्नुभएको छ ।

जनताको जलविद्युत् कार्यक्रममा समावेश आयोजनाको बाँकी रकम सर्वसाधारणलाई शेयर बिक्री गरेर स्वपुँजी (इक्विटी)बाट जुटाइने छ । आयोजनामा ६५ प्रतिशत ऋण र ३५ प्रतिशत इक्विटीबाट जुटाएर

बाँकी पृष्ठ ६ मा...










Marketed in Nepal by:
Him Electronics Pvt .Ltd .
For Corporate Inquiry: Narayan Chaur, Naxal, Kathmandu, Tel: 01-5909999

वर्ष ८ /अंक ०८ / पूर्णाङ्क ३३६ / बुधबार १० जेठ २०८०

विद्युत संसार

## सम्पादकीय

# विद्युत विकासमा भारत बाधक नबनोस्

वर्षायाममा बढी हुने नेपालको बिजुली भारतको बाटो हुँदै खरिद गर्न बंगलादेश तयार छ । तर नेपालको बिजुली बंगलादेश निर्यात गर्न भारतीय प्रसारण लाइन प्रयोग गर्नुपर्ने हुन्छ । सोमबार र मंगलबार भएको नेपाल-बंगलादेश सचिवस्तरीय बैठकमा पहिलो चरणमा भारतलाई मनाएर ४० देखि ५० मेगावाट बिजुली लैजाने सहमति भएको छ । नेपाल बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको ५ औं बैठकमा यी मूख्य ६ बुँदामा सहमति भएको हो । नेपाल-बंगलादेश दुई दिने ऊर्जा वार्तामा नेपाल र बंगलादेशबीच ६८३ मेगावाट क्षमताको सुनकोशी तेस्रो जलविद्युत् आयोजना निर्माण गर्ने सहमति भएको ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयले जनाएको छ । नेपालको ऊर्जा क्षेत्रमा ऊर्जा क्षेत्रका लागि सुखद् विषय हो । तर बंगलादेशमा भारतको बाटो हुँदै नेपालको विद्युत् लैजानुपर्ने भएकाले नेपालको बिजुली बंगलादेश निर्यात गर्न भारतलाई मनाउन जरूरी छ । भारतले 'ग्रीन सिग्नल' दिए पनि नेपाल-बंगलादेशबीच विद्युत् व्यापारको स्वीकृति दिइसकेको छैन । दुई वर्षअघि भएको बैठकमा त्रिपक्षीय बैठक बसेर विद्युत् व्यापारका लागि वातावरण बनाउने निर्णय भएको थियो । त्यस यता त्रिपक्षीय बैठक हुन सकेको छैन । नेपाल-बंगलादेशबीच विद्युत् व्यापारका लागि डेडिकेटेड प्रसारण लाइन निर्माण गर्ने विषयमा पनि छलफल भएको छ । यसका लागि भारतको साथ र अनुमति अनिवार्य भएका कारण त्रिपक्षीय बैठकका लागि भारतलाई मनाउने सहमति दुवै भएको छ । यसअघि काठमाडौं बैठकमा पनि नेपाल-बंगलादेश डेडिकेटेड विद्युत् प्रसारण लाइन निर्माण गर्ने सहमति भएको थियो । त्रिपक्षीय समझदारी गर्न भारतसँग पहल गर्ने सहमति समेत भएको थियो । ५० मेगावाट परीक्षणस्वरूप लैजानलाई गत भदौमा नेपाल र बंगलादेशबीच सहमति भएको थियो । तर हालसम्म भारतले अनुमति नदिएको र पछिल्लो नेपाल भारत ऊर्जा सचिवस्तरीय बैठकमा अनुमतिको लागि आयोजनाको नाम मागेका कारण भारतले यस विषयमा साथ दिने विश्वास नेपालको रहेको छ । बैठकबाट नेपाल-बंगलादेश र भारतबीच विद्युत व्यापार, अन्तरदेशीय प्रसारण लाइन निर्माण लगायतका विद्युत क्षेत्रमा सहकार्य गर्नका लागि उच्चस्तरीय र प्रशासनिक संयन्त्र स्थापना गर्नको लागि दुवै पक्षबाट पहल गर्ने सहमति भएको छ । अब भारतले यो वा त्यो बाहानामा विद्युत व्यापारलाई रोक्नु र नेपालको ऊर्जा विकासमा भारत बाधक बन्नु हुँदैन् । छिमेकी देशहरूसँगको सम्बन्धलाई प्रगाढ बनाईराख्न पनि भारतले नेपालबाट बंगलादेशमा हुने विद्युत व्यापारमा साथ दिन अत्यन्त आवश्यक छ ।

# नीति तथा कार्यक्रम भित्र ऊर्जा क्षेत्र

निर्मल श्रेष्ठ
काठमाडौं

नयाँ आर्थिक वर्ष २०८०/८१ का निम्ति सरकारको नीति तथा कार्यक्रम शुक्रबार संसद्मा प्रस्तुत भएको छ । सरकारका तर्फबाट राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्को संयुक्त बैठकमा पेस गर्नुभएको नीति तथा कार्यक्रमले संविधान र सङ्घीयताको कार्यान्वयनलाई आधार बनाउँदै अर्थतन्त्रको संरचनागत सुधारमा जोड दिएको छ । नीति तथा कार्यक्रम सार्वजनिक भएपछि विभिन्न राजनैतिक दल र नेताहरूले आ-आफ्नै प्रतिक्रिया दिदैं आएका छन् । नीति तथा कार्यक्रमले समग्र विषय समेट्न केन्द्रित भएको देखिन्छ यसलाई सकारात्मक नै मान्नु पर्छ । विशेषगरी ऊर्जा क्षेत्रमा जोडिएको विषयले केही उत्साह जगाउन सफल भएता पनि अझै केही नपुगेको महसुस हुन्छ । नीति तथा कार्यक्रम अनुसार सरकारले वर्षायाममा मासिक ५० युनिट र हिउँदमा मासिक ३० युनिटसम्म विद्युत खपत गर्ने उपभोक्तालाई निःशुल्क विद्युत उपलब्ध घोषणा गरेको छ । त्यस्तै सरकारले आगामी दुई वर्षभित्र ऊर्जालाई सबै नागरिकको पहुँचमा पुर्‍याउने र ' विपन्न वर्गलाई निःशुल्क विद्युतीय मिटर उपलब्ध गराइने छ । खाना पकाउने ग्यासलाई विद्युतले प्रतिस्थापन गर्ने पनि उल्लेख छ । सन् २०४५ भित्र शून्य कार्बन उत्सर्जन गर्ने सरकारको लक्ष्य, ऊर्जा उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने राष्ट्रपति पौडेलले नीति कार्यक्रममार्फत् जोड दिइएको पाइन्छ । पेट्रोलियम पदार्थमाथिको परनिर्भरता घटाउन विद्युतीय सवारी साधनको उत्पादन र प्रयोगलाई प्रोत्साहित गरिने जनाएको छ ।

यातायात क्षेत्रमा नवीकरणीय र स्वच्छ ऊर्जा उपयोग गरी कार्बन उत्सर्जन घटाउँदै लगिने तथा पेट्रोलियम पाइपलाइन विस्तारका साथै न्यूनतम अवधि भण्डारण गृह निर्माणलाई निरन्तरता दिने नीति सरकारको छ। पेट्रोलियम पदार्थको मूल्य प्रणालीलाई अन्तर्राष्ट्रिय बजार मूल्यअनुसार स्वत: समायोजन हुने व्यवस्था गरिनेछ जस्ता विषयहरू नीति तथा कार्यक्रममा समावेश हुँदै गर्दा नेपालमा नै उत्पादन भएको विद्युतलाई खपत गर्ने विषयमा चासो कम पुगेको महशुस हुन्छ किनकी पेट्रोलियम पदार्थको क्षेत्रमा धेरै विषयहरू जोड्दै गर्दा विद्युत खपत गर्ने विद्युतीय सवारी साधन देखि घरायसी सामग्रीहरूसम्म भने केही नरम तरिकाले समावेश गरिएको छ । वर्षायाममा मासिक ५० युनिट र हिउँदमा मासिक




३० युनिटसम्म विद्युत खपत गर्ने उपभोक्तालाई निःशुल्क विद्युत उपलब्ध घोषणा भएतापनि बजारी क्षेत्रमा विद्युत खपत बढाउन विद्युत प्रसारणको पूर्वाधारमा ठूलो समस्या छ पुराना र लोभोल्टेज कै कारण बजारी क्षेत्रमा विद्युत खपतको योजना उपयुक्त ढंगले सञ्चालन र कार्यान्वय हुन सकिरहेको छैन । जसका लागि विद्युत प्राणली सुधार गर्न सरकार गम्भिर भएर लाग्नुपर्ने हो तर यस विषयमा नीति तथा कार्यक्रम राखिएका विषयले अझ छुन नसकेको हो कि ।

ऊर्जा नीतिलाई समसामयिक बनाउने, नदीको उपल्लो तटीय क्षेत्रमा जलाशययुक्त आयोजना निर्माणमा जोड दिदैं ठूला र जलाशययुक्त जलविद्युत आयोजना निमार्ण गर्न प्राथमिकता दिनुपर्छ । जलाशययुक्त ठूला बहुउद्धेश्यीय आयोजना तथा अन्य जलविद्युत आयोजनाहरूमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गरिने साथै बुढीगण्डकी जलविद्युत आयोजना प्राथमिकताका साथ अघि बढाउनुपर्छ भनेर नीति तथा कार्यक्रममा समावेश गरिएको छ । नीति तथा कार्यक्रममा भने अनुरूपको आगामी वर्ष २०८०-०८१ को बजेटमा पनि विशेषता दिएर बजेट छुट्याउनु पर्दछ । १२ सय मेगावट क्षमताको बुढीगण्डकी जलविद्युत आयोजना मुआब्जाको अन्तिम चरणमा पुगेर निर्माण कार्य अन्योलमा परेको समाचारहरू आउँदै गर्दा यस आयोजनालाई द्रुत गतिमा अघि बढाउन सरकारले बजेटमा नै विशेष महत्व दिन आवश्यक छ । नीति तथा कार्यक्रममा गुणस्तरीय पूर्वाधार निर्माण, सार्वजनिक सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, रोजगारी वृद्धि, आर्थिक तथा सामाजिक विभेदको अन्त्य र समावेशी विकासलाई मूख्य नीति बनाइएको छ । नीति तथा कार्यक्रमको प्रयास समग्र विषय समेट्नमा केन्द्रित हुनुलाई सकारात्मक नै मान्नु पर्छ ।गुणस्तर कायम गरेर निर्धारित समयमा आयोजना सक्ने सरकारको लक्ष्य साधनकै प्रभावकारितामा केन्द्रित देख्न सकिन्छ । आगामी विकास सरकार र निजी क्षेत्रको बलियो साझेदारीबाटै सम्भव देखिएकाले उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र रोजगारी सिर्जनामा निजी क्षेत्रलाई प्रोत्साहन गरिनु सकारात्मक आयाम हो । यही जेठ १५ गते सरकारले नयाँ आर्थिक वर्षको बजेट संसद्मा प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ । बजेट पेस गर्नुअघि प्रस्तुत नीति तथा कार्यक्रममा संसद्मा व्यापक विमर्श हुने छ । नीति तथा कार्यक्रम आगामी आर्थिक वर्षको बजेट निर्माणको मूलभूत आधार हुने छ । देशको अर्थतन्त्र सफ्टपूर्ण अवस्थामा रहेको बेला न्यूनतम साधन र स्रोतले अधिकत प्रतिफल हासिल गर्ने गरी काम गर्नुपर्ने बाध्यता हुन्छ । विगतमा कतिपय अब्बल नीति तथा कार्यक्रम अनि बजेट आए पनि तिनको कार्यान्वयन फितलो हुँदा मुलुकी सपना अपूरो रहेको छ । यसैले नीति तथा कार्यक्रम अनि बजेटलाई सबै राजनैतिक दलहरूले सफलता हासिल गर्नतर्फ विशेष ध्यान दिन जरूरी छ ।

# 'नयाँ टेक्नोलोजिलाई अंगालेर संघलाई व्यवसायी लक्षित बनाउने छु'



सप्तरी जिल्लामा वि.सं.२०४४ सालमा जन्मिएर विविएस सम्मको शैक्षिक योग्यता हासिल गर्नूभएको दिवेशकुमार जैन हाल काठमाडौं विद्युतीय व्यवसायी संघको अध्यक्ष हुनुहुन्छ । करिव दुई दशकभन्दा लामो समय विद्युतीय व्यवसायको अनुभव संगाल्नु भएका जैन संघमा सदस्यता लिनुभएको करिव १४ वर्ष भयो ।
यस बीचमा एक कार्यकाल कार्यकारी सदस्य, दुई कार्यकाल कोषाध्यक्ष र एक कार्यकाल उपाध्यक्ष भएका हालसाले मात्र भएको अधिवेशनबाट अध्यक्षमा निर्वाचित हुनुभएको छ । उनै अध्यक्ष जैनसँग हाल संघका काम कार्वाही के कस्ता छन्, अबका योजना कस्तो हुनेछ, आर्थिक मन्दीले व्यवसायीहरूलाई पारेको समस्या लगायत विषयमा विद्युत संसार साप्ताहिक पत्रिकाका सम्पादक भीमलाल श्रेष्ठले गर्नुभएको कुराकानीको सम्पादित अंशः

**दिवेशकुमार जैन**
**अध्यक्ष, काठमाडौं विद्युतीय व्यवसायी संघ**

**संस्थाको परिचय दिनुहोस् न ?**

विद्युत व्यवसायी संघ भनेको विद्युतीय व्यवसायीहरूको एउटा साझा घर हो । सामुहिक संगठनको पहिचान हुने हेतुले जन्मिएको संस्था हो । २०६६ सालमा स्थापना भएको हाम्रो यस संस्थामा हालसम्म ७ सय ४६ जना सदस्यहरू हुनुहुन्छ । व्यवसायीले आफ्नो व्यवसाय सञ्चालन गर्दैगर्दा कुनै समस्या परेमा संघले अविभावकको भुमिका खेलेर समस्या समाधानमा अग्रसर हुने गर्दछ । संघले व्यवसाय लक्षित विभिन्न कार्यक्रमहरू राख्दै आएका छौ । वार्षिक वनभोज कार्यक्रम, रक्तदान, विभिन्न स्वस्थ्य शिविर, भ्याट तथा कर सम्बन्धि तालिम लगायत विभिन्न मनोरञ्जनका कार्यक्रमहरू गर्दै आएका छौ । मुख्यत् संघले व्यवसायीहरूलाई नै कसरी हुन्छ आफ्नो व्यवसायसँगै अतिरिक्त कार्यक्रम सँगै व्यवसाय हकहितका लागि अविभावकत्वको आभाश दिलाउने हो ।

**हालैको अधिवेशनबाट तपाई संघको सातौं कार्यकालको लागि सर्वसम्मत अध्यक्षमा निर्वाचित भएर आउनुभएको छ । संस्थाप्रति अब तपाईका योजनाहरु के–कस्ता छन् बताईदिनुहोस् न ?**

जुनकुनै संघ संस्थामा नयाँ नेतृत्व आउँदै गर्दा नयाँ–नयाँ कुराहरू ल्याईएको हुन्छ तर हामीले यो कार्यकालमा आफ्ना सदस्यहरूमा प्रिभिलियज कार्ड (व्यावसायिक डिस्काउन्ट कार्ड) जसमा उपचार गर्न देखि लाईफ इन्सुरेन्स,कलेज, सपिङ्ग सेन्टर, मार्टहरूमा समेत सहुलियतको व्यवस्था हुने सम्मका योजना बनाएका छौ । जुन हाम्रा लागि धेरै उपयोगी हुन्छ । यस्तो योजना हामीले आउँदो असार मसान्तमा सदस्यता नवीकरण गर्ने सदस्यहरूलाई वितरण गर्ने योजना बनाएका छौं ।
अर्को तत्कालै गर्नुपर्ने काममा आजसम्म पनि धेरै सदस्यहरूले संघको परिचयपत्र पाउनु भएको छैन् यो कामपनि छिटै नै गर्ने योजनामा अगाडि बढिरहेका छौं । अर्कोतर्फ संघको वेभसाईटको काम अन्तिम चरणमा पुगेको छ भने संघको छुटै मोवाईल एपको पनि अवधारण बनाउँदै छौं । जसको माध्यमबाट सदस्यता नवीकरण देखि आफ्ना सदस्यहरूले संघले गरेका कुनै पनि कार्यक्रमको सूचना तथा प्रचारप्रसार एकैपटक हुन्छ । विशेष गरी हामीनयाँ टेक्नोलोजिहरूलाई पेपरलेस गरेर सदस्यहरूलाई अविभावकत्वको भुमिकासाथै डिजिटल माध्यमबाट सूचना आदानप्रदान गर्ने योजनाका साथ अगाडि बढिरहेका छौं ।

**एरियागत समिति गठनले पूर्णता पाएको छ या छैन्, यस समितिले कसरी कार्य गर्दछ ?**

उपत्यका आफैमा ठूलो छ र हाम्रा सदस्यहरू पनि ठूलो संख्यामा भएको हुनाले एरियागत समिति गठन गरियो भने भोटेवहालबाट हुने कामहरूलाई एरियागत समितिबाट पनि गर्न सकिन्छ । हाम्रा सदस्यहरूले संघको केन्द्रीय कार्यालय नै धाउनुपर्ने बाध्यताबाट मुक्ति मिल्नेछ । जसले गर्दा समयको बचतसँगै व्यवसायलाई अझ समय दिन सकिन्छ । संघ र एरिया समितिले उपत्यकाभित्रका सम्पूर्ण बिजुली पसलका व्यवसायीहरू जो संघमा अझै आवद्ध हुनुभएको छैन उहाँहरूकालागि संघले नयाँ–नयाँ र व्यवसायीमुलक कार्यक्रमहरू ल्याएर उनिहरूलाई संघमा आवद्धता हुनमा मद्धत गर्ने छौं ।
उपत्यकाभित्र चावहिल, गोंगबु र भोटेबहालगरी तीन वटा समिति घोषणा साधारण सभाबाट नै गरेका छौं । त्यस समितिमा एक जना संयोजक सहित पाँचजनाको समिति बनाउन निर्देशन दिएका छौं ति समिति गठन अन्तिम चरणमा पुगेको छ । कलंकी, कोटेश्वर एरियाको समिति निर्माण बाँकी भएकोले यी दुई समितिलाई पनि छिटै टुङ्गोमा पुऱ्याउँछौं ।

**संघ र एरिया समितिले उपत्यकाभित्रका सम्पूर्ण बिजुली पसलका व्यवसायीहरु जो संघमा अझै आवद्ध हुनुभएको छैन उहाँहरुकालागि संघले नयाँ–नयाँ र व्यवसायीमुलक कार्यक्रमहरु ल्याएर उनिहरुलाई संघमा आवद्धता हुनमा मद्धत गर्ने छौं ।**



**हाल देशमा आर्थिक मन्दीको प्रभाव भइरहेको अवस्थामा व्यवसायलाई कस्तो खालको प्रभाव परेको छ ?**

हाल बजारमा आर्थिक मन्दी हुनुमा कारणहरू धेरै छन् । पहिलो कारण सहकारीहरूमा पैसा होल्ड हुनु हो । सहकारीमा पैसा होल्ड हुने भएकोले बैंकले लोन दिन सकिरहेको छैन । अर्कोतर्फ हाम्रो विद्युतीय व्यवसाय पनि ठप्प छ । कुनै पनि निर्माण कार्यको अन्तिमरूपमा आवश्यकता पर्ने भनेको विद्युतीय सामग्री हो निमार्ण कार्य नै ठप्प जस्तै भएपछि आर्थिक कारोवार कम हुने गरेको छ । निर्माण कार्य नै रोकिएपछि हाम्रो काम र व्यवसायमा ठूलो असर पर्दछ । यो अवस्थामा व्यवसायीहरूको खर्च समेत उठाउन नसकिरहेको समयमा व्यवसायीहरूले भएको सामग्रीहरूलाई सहि मूल्यमा बिक्रि गर्ने र आयातलाई घटाएर खर्च कम गर्ने तर्फ ध्यान केन्द्रीत गर्नुपर्दछ । आजभोली मूख्यबजार क्षेत्रमा पनि व्यवसायीहरूले आफ्नो व्यवसाय छोडेर हिडेका सटर खालिका सूचनाहरू प्रसस्त देख्न पाइन्छ । देशमा यस्तो अवस्था आउनु पक्कै राम्रो संकेत होइन । यस विषयमा सरकार र सम्बन्धित निकायले ध्यान दिन अत्यन्त जरूरी छ । हामीपनि एक संस्थामा आवद्ध भएकाले हाम्रो तर्फबाट के–कस्ता काम कार्य र सहयोग गर्न सकिन्छ ति गर्दै आएका छौं ।

**विद्युतीय बजारमा गुणस्तरको विषय समय समयमा उठ्ने गरेको छ यो विषयलाई हजुरले कसरी लिनुभएको छ ?**

विद्युतीय क्षेत्रमा आवद्ध सबै संघ संस्थाहरूले गुणस्तरीय सामग्री प्रयोग र बिक्री वितरण मात्र गर्न विभिन्न कार्यक्रमहरू हामीले आयोजना गर्दै आइरहेका छौं । धेरै समय अगाडि तारको विषयमा धेरै कुरा उठ्ने गरेको थियो ति तार उत्पादन गर्ने कम्पनीहरू केही बन्द भएका छन् भने केहीले आफुलाई सुधार्दै गुणस्तरयुक्त तार उत्पादन गरिरहेका छन् भने एनएसबाट सर्टिफाइड सँगै एफएलआरएस युक्त तार बजारमा ल्याइरहेका छन् । त्यस्तै लाईटिङ्, एमसिवीलगायतका सामग्रीहरूमा पनि गुणस्तर बढेको छ । तर हामीले गुणस्तरको विषयमा व्यवसायी र उपभोक्ताहरूलाई सचेत गराउने हाम्रो मूख्य काम हो र गर्दै पनि आइरहेका छौं । यस विषयमा सरकारले पनि नै गम्भिरतापुर्वक हेर्नुपर्ने देखिन्छ । प्रायः विद्युतीय सामग्रीहरू आयात हुने भएकाले ति हुने सामग्रीहरू भन्सार बिन्दुमा नै प्रयोगशाला राखेर परिक्षण पश्चात् मात्र नेपाल भित्र्याउने सिस्टम आएमा हामी व्यवसायी र उपभोक्ता दुवैलाई सहज हुने थियो । त्यसैले सरकारले भन्सार बिन्दुमा प्रयोशाला राख्नु एकदम अपरिहार्य छ ।

**अन्तमा के भन्न चाहानु हुन्छ ?**

नेपालको वर्तमान अवस्था आर्थिक

# बुटवल–वसन्तपुर केवलकार अर्को सातादेखि सञ्चालन हुने

विद्युत संसार संवाददाता

**बुटवल, जेठ ।** बुटवलदेखि पाल्पाको वसन्तपुर जोड्ने गरी निर्माण भइरहेको 'लुम्बिनी केवलकार' सञ्चालनको अन्तिम तयारीमा पुगेको छ ।

बुटवल र पाल्पाको तिनाउ गाउँपालिका वडा नं. ३ मा पर्ने ऐतिहासिक तथा पुरातात्विक क्षेत्र वसन्तपुर जोड्ने लुम्बिनी केवलकार निर्माण सम्पन्न भइ हाल प्राविधिक परीक्षण सुरु गरिएको छ ।

यही जेठको १५ गतेदेखि नियमित सञ्चालन गर्ने लक्ष्यका साथ तयारी भइरहेको कम्पनीका आयोजना व्यवस्थापक गोकुल साउदले जानकारी दिनुभयो । उहाँका अनुसार वसन्तपुरमा निर्माण गरिएको कामाख्या देवी मन्दिरमा जेठ १२ गतेदेखि १८ सम्म महायज्ञ सञ्चालन गरिने भएको छ ।

केबुलकारको आधार स्टेसन बुटवलको वडा नं. ३ बमघाटमा र माथिल्लो स्टेसन वसन्तपुरमा रहनेछ । केवलकारको लम्बाई २ दशमलव छ किलोमिटरको हुनेछ ।



केवलकारमा २५ वटा गोण्डुला रहनेछन् भने एउटा गोण्डुलामा एकैपटक आठ जनाले यात्रा गर्न सक्नेछन् । साथै प्रतिघण्टा अधिकतम छ सय यात्रुलाई सेवा दिन सकिनेछ भने केवलकार पूर्ण क्षमतामा सञ्चालन हुँदा दैनिक पाँच हजार यात्रु आवतजावत गर्न सक्ने कम्पनीको भनाइ छ ।

व्यवस्थापक साउदका अनुसार यस आयोजनामा करिब रू पाँच अर्ब लगानी भएको छ । जसमा केवलकार, क्यासिनोसहितको एक सय ५० कोठाको पाँच तारे होटल, कामाख्या देवीको मन्दिर, रेष्टुराँ तथा बार र पार्क निर्माण गरिनेछ ।

वसन्तपुरलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरी भारतीय पर्यटक भित्र्याउने लक्ष्यसहित केवलकार निर्माण गरिएको हो । केवलकार सञ्चालनमा आएसँगै यस आसपासका क्षेत्रमा पर्यटन विकाससँगै आर्थिक गतिविधि चलायमान हुने उहाँको भनाइ छ । केवलकारको शिलन्यास तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ फागुन १ गते गर्नुभएको थियो ।

# मंगलबारदेखि सम्पदा बस सञ्चालनमा

विद्युत संसार संवाददाता

**काठमाडौं जेठ ।** नेपाल पर्यटन बोर्डको अगुवाइमा मंगलबारदेखि 'हफ अन हफ अफ बस' सञ्चालनमा आएको छ । बोर्डका अनुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको सहकार्यमा दुईवटा इलेक्ट्रोनिक साझा बस सम्पदा बसका रूपमा सञ्चालनमा आएको हो ।

विश्व सम्पदा सूचीमा सूचीकृत काठमाडौं उपत्यकाभित्रका सम्पदाहरूमा सम्पदा घुम्ती बस सेवाका रूपमा 'हफ अन हफ अफ बस' सञ्चालन भइरहेको बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) डा धनञ्जय रेग्मीले जानकारी दिनुभयो ।




ललितपुर महानगरपालिकाबाट सुरु हुने 'हफ अन हफ अफ बस' सेवाले काठमाडौं दरबार स्क्वायर, नारायणहिटी दरबार सङग्रहालय, पशुपतिनाथ मन्दिर, बौद्धनाथ र स्वयम्भूसम्म घुम्ती सेवा सञ्चालन हुनेछ ।

"दुईवटा बस प्रत्येक ठाउँमा आधा घन्टादेखि ४५ मिनेटमा सञ्चालन हुनेछ । केही दिन निःशुल्क चलाएर त्यसपछि शुल्कको व्यवस्था गरिने पर्यटन बोर्डले जनाएको छ । विश्वका प्रायःजसो पर्यटन क्षेत्रमा यस्तो बस सेवा सञ्चालनमा छ । नेपालमा लामो समयसम्म चर्चा चले पनि यस पटक बोर्डले घाटामै भए पनि सञ्चालन गरिएको हो ।

## सामान्य ज्ञान

नेपालको पहिलो जलविद्युत आयोजना फर्पिङ्को स्थापना कहिले भएको थियो ?

***वि.स १९८६ जेठ ७ गते***

फर्पिङ् जलविद्युत आयोजना कसको पालामा निर्माण भएको थियो ?

***चन्द्र शमशेर***

वि.स १९८६ जेठ ७ गते नेपालमा विद्युत उत्पादन भएपनि सर्वसाधारण जनताले कहिले देखि विद्युतको उपभोग गर्न पाएका थिए ?

***वि.स २००७ बाट (प्रजातन्त्र आएपछि)***

नेपाललाई पहिलो पटक आर्थिक सहयोग गर्ने राष्ट्र कुन हो ?

***अमेरिका(अमेरिकी २२ डलर)***

नेपाल सरकारले आफ्नै लगानीमा पहिलो पटक निर्माण गरेको पहिलो हाइड्रोपावर कुन हो ?

***६४० कि.वा सुन्दरीजल हाइड्रोपावर (वि.स १९९२)***

नेपालमा हालसम्म निर्माण भएको सबैभन्दा ठूलो हाइड्रोपावर कुन हो ?

***कालीगण्डकी ए (क्षमता १४४ मेगावाट)***

निजी क्षेत्रबाट निर्माण भएको सबैभन्दा पहिलो हाइड्रोपावर कुन हो र कहाँ अवस्थित रहेको छ ?

***६० मेगावाटको खिम्ती,दोलखा जिल्ला***

नेपालमा हालसम्म सबैभन्दा सस्तो मानिएको जलविद्युत आयोजना कुन हो ?

***चिलिमे जलविद्युत आयोजना ( रू.२.१९ प्रतियुनिट)***

चिलिमे जलविद्युत आयोजना कुन जिल्लामा पर्दछ ?

***रसुवा जिल्ला***

आई.एस.ओ चिन्ह प्राप्त गरेको हाइड्रोपावर कुन हो ?

***चिलिमे हाइड्रोपावर***

नेपालको पहिलो औद्योगिक क्षेत्र कुन हो ?

***बालाजु औद्योगिक क्षेत्र (वि.स २०१६)***

नेपालमा उद्योग क्षेत्रका पिता भनेर कसलाई चिनिन्छ ?

***जुद्ध शमशेर***

पछिल्लो औद्योगिक गणना अनुसार नेपालमा सबैभन्दा धेरै उद्योग भएको जिल्ला कुन हो ?

***रुपन्देही***

कर्णाली नदीको जलविद्युत विद्युत उत्पादन क्षमता कति छ ?

***३२,000 मेगावाट***

आर्थिक तथा प्राविधिक दृष्टिकोणले नेपालमा कति जलविद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको छ ?

***४२000 मेगावाट***

नेपालमा विश्वको कुल जलस्रोतको कति प्रतिशत जलराशी रहेको छ ?

***२.२७ प्रतिशत***

सप्तकोशी नदीका सहायक नदीहरू कति वटा रहेका छन् ?

***७ वटा***

विद्युत संसार

| प्रहरी | फोन नं. |
|---|---|
| प्रहरी प्रधान कार्यालय | |
| ४४११५४९ | |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९८, ४२२६९९९ |
| प्रहरी कन्ट्रोल | ११०, १२०, १३०, १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५, ४२६१८४३ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१०२८४ |
| पर्यटक प्रहरी | ४२४७०४१ |
| **प्रमुख जिल्ला अधिकारी** | **फोन नं.** |
| काठमाडौं | ४२६२४७८,४२६२८२८ |
| ललितपुर | ५५२११६५, ५५२३०५१ |
| भक्तपुर | ६६१०२०१, ६६१०१०६ |
| **वारुण यन्त्र** | **फोन नं.** |
| काठमाडौं | ४२२३८९७, ४२२११७७, १०१ |
| ललितपुर | ५५२११११, १०१ |
| भक्तपुर | ६६१००४९, १०१ |
| **सुरक्षा र एम्बुलेन्स** | |
| दमकल | १०१ |
| प्रहरी कन्ट्रोल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी कार्यालय काठमाडौं | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी कार्यालय भक्तपुर | ५५२१२०७ |
| जिल्ला प्रहरी कार्यालय ललितपुर | ६६१४८२१ |
| **शववाहन र ट्याक्सी** | |
| नेपाल चेम्बर अफ कर्मस | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## काठमाडौ उपत्यकाको नोलाईटका फोन नम्बरहरू

| क्र.सं. | नाम | टेलिफोन नं. |
|---|---|---|
| १. | रत्नपार्क नोलाईट | ४१५३१६२/३/४ |
| २. | नक्साल नोलाईट | ४४२११३१ |
| ३. | खुँसीबु नोलाईट | ४२६८३२७ |
| ४. | बानेश्वर नोलाईट | ४४७४१६१ |
| ५. | चाबहिल नोलाईट | ४४७४१६४/४४९०८३० |
| ६. | गोकर्ण नोलाईट | ४८००१६४ |
| ७. | जोरपाटी नोलाईट | ५१३४०५५ |
| ८. | मुलपानी नोलाईट | ४१५३७०७ |
| ९. | डाँछी नोलाईट | ४४५११४० |
| १०. | जरसिँङ पौवा नोलाईट | ४२५६४९६ |
| ११. | साँखु नोलाईट | ४४५०७७० |
| १२. | महाराजगंज नोलाईट | ४३५७२१९/२६५ |
| १३. | टोखा नोलाईट | ५११००८० |
| १४. | बुढानिलकन्ठ नोलाईट | ४३७१७४९ |
| १५. | कुलेश्वर नोलाईट | ४२७२४०२/४ |
| १६. | बालाजु नोलाईट | ४३५०८९६ |
| १७. | बलम्बु नोलाईट | ४३१०५१८ ।४३१६५१३ |
| १८. | रामकोट नोलाईट | ४०३७५६६ |
| १९. | किर्तिपुर नोलाईट | ४३३०४२८ |
| २०. | फर्पिङ नोलाईट | ४७१००१७ |
| २१. | पुल्चोक नोलाईट | ५५२२०४३ |
| २२. | स्वयम्भु नोलाईट | ५५९०९६१ |
| २३. | लोकन्थली नोलाईट | ५००४२१८ ।५५२१३६५ |
| २४. | चापगाउँ नोलाईट | ५५७०५२६ |
| २५. | लुभु नोलाईट | ५५८०११२ |
| २६. | बाडे गाउँ | ५५६०५९५ |
| २७. | भक्तपुर नोलाईट | ६६१००६५ |
| २८. | खरीपार्टी नोलाईट | ६६१४८६३ |
| २९. | थिमी नोलाईट | ६६३०३१७ |
| ३०. | दधिकोट नोलाईट | ६६३०९१७ |
| ३१. | पुरानो थिमी | ६६३७४८६ |

# अरूण तेस्रो प्रसारण लाइनका लागि ५९७ टावर निर्माण हुने

**किमाथाङ्का, ७ जेठ ।** संखुवासभामा निर्माणाधीन नौ सय मेगावाट क्षमताको अरूण तेस्रो जलविद्युत् आयोजनाको विद्युत् प्रसारण लाइन सात जिल्लामा निर्माण गरिने भएको छ । अरूण तेस्रो आयोजनाले प्रसारण लाइनका लागि संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिरहा, महोत्तरी र धनुषा जिल्लामा पाँच सय ९७ वटा टावर निर्माण गर्न लागेको हो ।



जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा अरूण तेस्रो आयोजनाको चार सय केभी प्रसारण लाइन संखुवासभाको दिदिङ हुँदै धनुषाको ढल्केबर पुऱ्याइने आयोजनाले जनाएको छ । विद्युत् प्रसारण लाइन आयोजनाको विद्युतगृह स्थल चिचिला गाउँपालिकाको दिदिङ हुँदै धनुषाको ढल्केबर पुऱ्याइनेछ ।

प्रसारण लाइनका लागि संखुवासभा ५९, भोजपुर एक सय, खोटाङ ७९, उदयपुर एक सय ४७, सिरहा २३, महोत्तरी ८७ र धनुषामा एक सय दुई वटा टावर रहने छ । टावर निर्माणका लागि जग्गा अधिग्रहण गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत प्रक्रिया अघि बढाइएको जनाइएको छ । प्रसारण लाइन चिचिला गाउँपालिका दिदिङ पुखुवाबाट सुरु भई डाँडागाउँ, आहाले, छ्याङकुटीहुँदै खाँदबारी नगरपालिकाको सेकाहा, मानेभञ्याङ, माथिल्लो चेवा, खोरण्डे, पिप्ले रयले बैँसीहुँदै भोजपुर पुग्ने सतलज कम्पनीको कार्यालय तुम्लिङटारले जनाएको छ ।

भारतीय सतलज कम्पनीले निर्माण गरिरहेको अरूण तेस्रो जलविद्युत् परियोजनाका लागि अहिले सडक, ड्याम साइड, पावर हाउस, सुरूङमार्ग निर्माण धमाधम सञ्चालन भइरहेका छन् ।

संखुवासभाको मकालु गाउँपालिका–५ फ्याक्सीन्दामा ड्याम साइडको काम भइरहेको छ भने पावर हाउस चिचिला गाउँपालिका दिदिङको पुखुवामा विद्युतगृहस्थलको निर्माण चलिरहेको आयोजनाले जनाएको छ । पाँच वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको अरूण तेस्रोबाट ९ मेगावट विद्युत् उत्पादन हुनेछ । आयोजना निर्माणका लागि करिब रु एक खर्ब २० अर्ब खर्च अनुमान गरिएको छ ।

प्रभावित परिवारलाई आयोजनाले ३० युनिटका दरले निःशुल्क विद्युत् उपलब्ध गराउने सम्झौता भएको छ । यस आयोजनाबाट नेपालले २५ वर्षमा तीन सय ४० अर्ब रोयल्टी, निःशुल्क बिजुली, आय कर, भ्याट र भन्सार शुल्कबाट लाभ लिनेछ ।

# नीति तथा कार्यक्रम पुनःलेखन गर्न अध्यक्ष ओलीको माग

विद्युत संसार संवाददाता

**काठमाडौं जेठ ।** नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रम यथार्थताको नजिक नरहेको आरोप लगाउँदै पुनःलेखन गर्न माग गर्नुभएको छ ।

यही जेठ ५ गते राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममाथि आइतबारदेखि प्रतिनिधिसभामा सुरू भएको छलफलका क्रममा उहाँले यो नीति तथा कार्यक्रमले देश र जनताको आवश्यकतालाई सम्बोधन गर्न नसक्ने बताउनुभयो ।

प्रमुख प्रतिपक्षी दलका नेता ओलीले सरकारको नीति तथा कार्यक्रमले १५औँ पञ्चवर्षीय कार्यक्रमको समेत समीक्षा गर्न नसकेको बताउनुभयो ।

उहाँले कुनै पनि कालखण्डको भ्रष्टाचारको छानबिन गर्नुपर्ने र नक्कली भुटानी



शरणार्थी प्रकरणमा दोषीलाई कारवाही हुनुपर्ने र निर्दोष व्यक्ति फस्न नहुने बताउनुभयो ।

पूर्वप्रधानमन्त्री ओलीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को आसन्न भारत भ्रमणमा राष्ट्रिय हितलाई केन्द्रमा राखेर छलफल गर्नुपर्ने सुझाव दिनुभयो । उहाँले न्याय र समृद्धि नै लोकतन्त्र भएकाले आफ्नो दलले त्यसलाई आत्मसात् गरेको उल्लेख गर्नुभयो ।

# श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक ३४ हजार बनाउन सिफारिस

विद्युत संसार संवाददाता

**काठमाडौं, जेठ ।** न्यूनतम पारिश्रमिक निर्धारण समितिले श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक रू ३४ हजार एक सय २५ बनाउन सरकारमा सिफारिस गरेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा समक्ष न्यूनतम पारिश्रमिक निर्धारण समिति



अध्यक्ष सङ्गीता खड्कासहितको टोलीले सो प्रतिवेदन बुझाउँदै पारिश्रमिक बढाउन प्रस्ताव गरेको हो ।

मन्त्री शर्माले वर्तमान अवस्थामा आर्थिक अवस्था कमजोर भए पनि श्रमजीवी पत्रकारले जीवन निर्वाह गर्नसक्ने गरी तलब पाउनुपर्ने र यदि सम्बद्ध मिडिया हाउसले तोकिए बमोजिम पारिश्रमिक उपलब्ध नगराए सरकारले लोककल्याणकारी विज्ञापन दिने बेलामा मापदण्ड बनाउने बताउनुभयो । "न्यूनतम पारिश्रमिक पनि नदिने मिडिया हाउसलाई सरकारले लोककल्याणकारी विज्ञापन दिने बेलामा मापदण्ड बनाउँछ", उहाँले भन्नुभयो, "समितिले सिफारिस गरेको न्यूनतम पारिश्रमिक लागू गर्न र श्रमजीवी पत्रकारले जीवन निर्वाह गर्नसक्ने गरी पारिश्रमिक पाउनुपर्छ भन्ने विषयमा सरकार स्पष्ट छ ।"

मन्त्री शर्माले श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गराउन बाध्यकारी बनाउनुपर्ने उल्लेख गर्नुभयो । उहाँले सरकारको नीति तथा कार्यक्रममा समानुपातिक विज्ञापन प्रणालीको विषय राखिएकाले सरकारले लोककल्याणकारी विज्ञापन कटौती गर्न नखोजेको पनि स्पष्ट गर्नुभयो ।

"सरकारले लोककल्याणकारी विज्ञापनलाई रोक्दैन", मन्त्री शर्माले भन्नुभयो, "एक महिनाजतिका लागि बजेट अपुग भएको हो तर नदिने भनिएको होइन ।"

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले सिफारिस गरिएको न्यूनतम पारिश्रमिक पूर्णरूपमा कार्यान्वयन गराउन सरकारको ध्यान जानुपर्ने माग गर्दै तोकिए बमोजिमको पारिश्रमिक उपलब्ध गराउन सकिने वातावरण सिर्जना गर्न पनि सरकारले पहल गर्नुपर्नेमा जोड दिनुभयो । समिति अध्यक्ष खड्काले ४० प्रतिशत तलवमान वृद्धिसहित विभिन्न आठ बुँदा कार्यान्वयनका लागि सरकारमा सिफारिस गरिएको बताउनुभयो ।

# बजेट अभावका कारण पूरा हुन सकेन अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र

**चितवन, जेठ ।** विसं २०७३ सालमा चितवन उद्योग सङ्घले जग्गा भाडामा लिई निर्माण सुरु गरिएको अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र बजेट अभावकै कारण हालसम्म पुरा हुनसकेको छैन । अहिले भौतिक संरचना तयार भए पनि आन्तरिक कामका लागि आर्थिक अभावका कारण पुरा गर्न समस्या भएको हो ।

उद्योग सङ्घ चितवनका अध्यक्ष त्रिलोचन कँडेलका अनुसार दुई बिघा सात कठ्ठा क्षेत्रफलमा निर्माण गर्न लागिएको प्रदर्शनीस्थलमा अहिलेसम्म रू २७ करोड ७७ लाख ९१ हजार आठ सय ३९ खर्च भइसकेको छ । स्थल निर्माणका लागि रू ३७ करोड खर्च हुने अनुमान गरिएको उहाँले जानकारी दिनुभयो । प्रदर्शनीका लागि सङ्घका पदाधिकारी मिलेर व्यक्तिगत जिम्मेवारीमा ऋण लिएर काम गर्दा समेत अझै निर्माण पूरा हुन नसकेको अध्यक्ष कँडेलले बताउनुभयो ।

स्थल निर्माणका लागि विभिन्न मन्त्रालयमा ताकेता गरेको भए पनि बजेट नपाउँदा निर्माणको काम सम्पन्न हुन सकेको छैन । सङ्घीय सरकारको रू १५ करोड, चितवन उद्योग सङ्घका सदस्यहरुको रू छ करोड ३२ लाख ८८ हजार नौ सय ९२, नेपाल उद्योग परिसङ्घको रू तीन करोड र जिल्ला समन्वय समितिको रू एक लाख ९७ हजार तीन सय ४५ बजेटमा भवन निर्माण गरिएको हो ।

प्रदर्शनी केन्द्रको भित्री सजावट, अग्नि नियन्त्रक उपकरण, बगैँचा, सचिवालय निर्माण, चमेनागृह निर्माण लगायतका काम अझै बाँकी रहेका छन् । अहिले पनि निर्माणका क्रममा रू ४३ लाखभन्दा बढी निर्माण व्यवसायीलाई ऋण तिर्न बाँकी रहेको संघले जनाएको छ ।

उनान्तीस वर्षलाई सरकारबाटै वार्षिक रू सात लाख भाडा तिर्ने गरी सङ्घले जग्गा लिएको हो । निर्माणकै चरणमा रहेको यस प्रदर्शनीस्थलमा अहिलेसम्म अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय गरी १५ प्रदर्शनी भइसकेका छन् ।

## नयाँ आर्थिक वर्ष...

क्रमश पृष्ठ १ बाट....

नीति तथा कार्यक्रम माथिको छलफलका क्रममा सांसदहरूले बताउँदै आएका छन् ।

सार्वजनिक नीति तथा कार्यक्रममा सरकारले वर्षायाममा मासिक ५० युनिट र हिउँदमा मासिक ३० युनिटसम्म विद्युत खपत गर्ने उपभोक्तालाई निःशुल्क विद्युत उपलब्ध घोषणा गरेको छ । त्यस्तै सरकारले आगामी दुई वर्षभित्र ऊर्जालाई सबै नागरिकको पहुँचमा पुर्याउने र 'विपन्न वर्गलाई निःशुल्क विद्युतीय मिटर उपलब्ध गराइने छ । खाना पकाउने ग्यासलाई विद्युतले प्रतिस्थापन गर्ने पनि उहाँले बताउनुभयो । सन् २०४५ भित्र शून्य कार्बन उत्सर्जन गर्ने सरकारको लक्ष्य, ऊर्जा उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने राष्ट्रपति पौडेलले नीति कार्यक्रममार्फत् जानकारी दिनुभयो ।

नीति तथा कार्यक्रम माथिको छलफलका क्रममा सोमबार राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य राजेन्द्र लिङ्देनले ठूलो जलविद्युत आयोजना निर्माण विदेशी लगानी भित्र्याउने कुरा जटिल भएको र विद्युत उत्पादन भएपछि विद्युतको बजार पाउन गाह्रो भएकोले नेपालमा जलविद्युतको क्षेत्रमा विकास मात्र आन्तरिक लगानीमा हुने उद्घोष गर्नुभयो । नेपाल विद्युत प्राधिकरणलाई शेयर



निष्कासन गर्न दिदैं ठूला जलाशययुक्त जलविद्युत आयोजना निर्माण गर्दा बैंकमा भएको संचित पैसाको सदुपयोग हुने तिर सरकारको ध्यान दिन आग्रह गर्नुभयो ।

सरकारले विद्युतीय सवारी साधन मात्रै खरिद गर्ने बताउनु भएको छ । सरकारका तर्फबाट आगामी वर्षदेखि विद्युतीय सवारी साधन खरिद गर्ने सरकारको प्राथमिकतामा पर्ने बताउनु भएको हो । सरकारले नवप्रवर्धन, अनुसन्धान, आविष्कार र विज्ञान शिक्षाको विस्तारलाई प्रोत्साहन गर्न नवप्रवर्धन तथा आविष्कार कोष स्थापना गर्न भएको छ । त्यस्तै भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा गर्न नसकेको सरकारले अर्को अन्तर्राष्ट्रिय विमानस्थल बनाउने घोषणा गरेको छ । सरकारले विगत १५ वर्षदेखि घोषणा गर्दै आएको निजगढ विमानस्थल निर्माण गर्ने आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम सार्वजनिक गर्दै विमानस्थल निर्माण गर्ने घोषणा गर्नुभएको छ ।

नीति तथा कार्यक्रमबाट सरकारले लामो समयदेखि बन्द तथा रूग्ण अवस्थामा रहेका उद्योगहरू सञ्चालन, खारेजी र एकीकरणमा आवश्यक व्यवस्थापनको विषयमा अध्ययन गर्न उच्चस्तरीय समिति गठन गर्ने भएको छ । पुनः सञ्चालनको सम्भावना रहेका हेटौंडा कपडा उद्योग, गोरखकाली रबर उद्योग र बुटवल धागो कारखानालाई सञ्चालनमा ल्याउने घोषणा गरेका हुन् ।

सरकारले आगामी ३ वर्षभित्र जग्गा धनी प्रमाण पुर्जा, बैंक खाता, स्थायी लेखा नम्बर र सवारी चालक अनुमतिपत्र जारी गर्दा अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र नम्बर उल्लेख गर्नुपर्ने व्यवस्था गर्ने र एक वर्षभित्र सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र दिने घोषणा पनि गरेको छ ।

## तामाकोसी पाँचौं...

क्रमश पृष्ठ १ बाट....

वित्तीय व्यवस्थापन गरिएको हो । तामाकोसी पाँचौं ४५६ मेगावाटको माथिल्लो तामाकोसीको जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादनपछि निस्किएको पानीलाई उपयोग गरी निर्माण हुन लागेको क्यास्केड आयोजना हो । त्यसैले तामाकोसी पाँचौले बाँध, बालुवा थिग्र्याउने पोखरी (डिसेन्डर) लगायतका संरचनाहरू बनाउनु नपर्ने भएकोले आयोजनालाई आकर्षक मानिएको छ ।

माथिल्लो तामाकोसीको विद्युत गृहबाट निक्लिएको पानीलाई आयोजनाको सुरुङमा पठाउन आवश्यक पर्ने सिमिल संरचनाको निर्माण भइसकेको छ । हाइड्रोमेकानिकल काम बाँकी रहेको छ । आयोजनाले ८ किलोमिटर सुरुङ, विद्युतगृह, करिब २ किलोमिटर २२० केभी प्रसारण लाइनलगायतका मुख्य संरचना निर्माण गर्नुपर्ने छ ।

आइतबार भएको कार्यक्रममा मन्त्री बस्नेतले आयोजना तोकिएकै समय र लागतमा सम्पन्न गरी विकास निर्माणमा ढिला हुँदा उठ्ने प्रश्नको जवाफ दिनुपर्ने बताउनुभयो । कार्यक्रममा मन्त्री बस्नेतले जलविद्युतको उत्पादन बढाउने, प्रसारण तथा प्रणालीका पूर्वाधार विस्तारमा कामसँगै खपत बढाउन र देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् निर्यातका लागि बजार सुनिश्चितका लागि प्रयासहरू भइरहेको उल्लेख गर्नुभयो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् निर्यातका लागि बजार सुनिश्चित बन्दै गएको बताउनुभएको छ । उहाँले भारत र बङ्गलादेश नेपालमा उत्पादित विद्युत् किन्नका लागि आतुर रहेको बताउनुभयो । घिसिङले ती देशमा विद्युत् बिक्री गर्दा वर्षायामको विद्युतले राम्रो दर पाउने उल्लेख गर्नुभयो ।

कम्पनीका सीईओ भण्डारीले आयोजनाको निर्माण चारवर्ष भित्र सम्पन्न गर्ने लक्ष्यकासाथ काम भइरहेको बताउनुभयो । आयोजना निर्माणका लागि निर्माण व्यवसायी छनौटका लागि टेण्डर प्रक्रियामा रहेको छ । विस्तृत डिजाइन र वातावरणीय प्रभाव मूल्यांकन (इआइए) स्वीकृत भइसकेका छन् । आयोजना निर्माणमा आवश्यक पर्ने करिब १३३ रोपनी निजी जग्गा अधिग्रहण गरी सकिएको छ ।

आयोजनाबाट वार्षिक रूपमा ४९ करोड ५१ लाख युनिट विद्युत् उत्पादन हुने छ । माथिल्लो तामाकोसीमा रोलवालिङ खोला मिसाएपछि आयोजनाबाट उत्पादन हुने विद्युत् बृद्धि भई ५४ करोड ३५ लाख युनिट पुग्ने छ । आयोजनाबाट उत्पादित बिद्युत् खरिद बिक्रीका लागि प्राधिकरण र कम्पनीबीच सम्झौता भइसकेको छ ।

## अन्तर्वार्ता बाँकी अंश...

क्रमश पृष्ठ ३ बाट....


मन्दीका कारण प्रायः सबै क्षेत्रको व्यापार व्यवसाय समस्याग्रस्त छन् । हाम्रो विद्युतीय क्षेत्र पनि नराम्रोसँग समस्यामा परेको हुँदा यस्तो अवस्थामा म संघको अध्यक्षको हैसियतले सम्पूर्ण व्यवसायीहरूलाई सकारात्मक रूपमा आफ्नो व्यवसायलाई निरन्तरता दिन आग्रह गर्दछु । व्यवसाय कार्यमा आफ्नो खर्च कम गर्ने र उधारोको व्यापार सकभर नगर्न सचेत गराउन चाहान्छु । केही व्यवसायीहरूलाई समस्या परेको खण्डमा आफ्नो तर्फबाट सकेको सहयोग गर्न संघ तयार रहेको छ ।

## ट्वीट बहस




**Promod Tandan**
@Tpromod

आसन्न प्रधानमन्त्रिको भारत भ्रमण मा २ ओटा जलविद्युत सुम्पिने कुरा सुनिन्छ! बिजुली बेचेर नेपाल धनि हुन्छ भन्ने भाष्य ले एकदिन नेपाल लाइ आर्थिक र पानि को श्रोत दुवैमा नेपाल लाइ घाटा पुर्याउने निश्चित छ ! आफुले किन्ने भन्दा आधि मूल्य मा बेचेर धनि हुने कुन अर्थशास्त्र परेछ होला?




**हरिबोल धिताल**
@Dhital121

नेपाल विद्युत प्राधिकरणले २८ लाख परिवारलाई ११ अर्बको बिजुली निःशुल्क उपलब्ध गराउने भएछ । कुनै समय १८ घण्टा लोडसेडिङ भ्केलेको म विश्वासै लाग्दैन कि असल नेतृत्व भयो भने नेपालमा असम्भव केही छैन तर अभ्कै मान्छेहरू के पी, शेरे, माकुने, भ्कले, प्रचन्ने, बाउराम, उपेन्द्रको पछि लाग्छन्।
थुक्क!



**sagar sharma**
@surendraparaj18

नेपालमा ग्यासको प्रयोग कम गर्न बिजुली महशुल घटाएर प्रबिधिक ज्ञान दिनुहोस । नेपाली जनतालाई महंगोमा बेचेर छिमेकीलाई सस्तोमा बेच्ने काम बन्द गर्नुहोस ।



**Prem Panta**
@PantaPrem

मान्छे सिटामोल नपाएर गतिलो पिउने पानी नपाएर मर्ने मेरो देश मा कुनै दललाई सस्तो लोकप्रियता का लागि रेल र पानीजहाज को लागि बजेट चाहियो रे ॥


पहिला जनतालाई सम्पन्न गराउ बाटो घाटो बिजुली खानेपानी शिक्षा स्वास्थ को सुनिश्चित गर अनि रेल पानी जहाज वा अर्को ग्रह मा जान परेनी जाउला ॥



**Ratna Sansar Shrestha**
@pakanajole

१ चिनिया ठेकेदारबाट बढी शुभलाभ हुने भएर होइन होला

२ चिनिया संलग्न भएको विद्युत गृहबाट उत्पादित बिजुली नकिन्ने २लबचभलमचकयमष ले चिनिया संलग्न भएको प्रशारण लाइनबाट ल्याइएको बिजुली न किने हाइड्रो डलरको बाढी ल्याउने लक्ष्य राख्नेहरूको योजना सोमशर्माको सपना हुने होला ।



**Bishnu Rijal**
@bishnurijal1

केपी ओली सरकारका पालामा शरणार्थीसम्बन्धी अध्ययन कार्यदल बन्यो र त्यसले कुनै गलत प्रतिवेदन दिएन । फलतः देउवा सरकारका पालामा गिरोहले गृहबाट सक्कली प्रतिवेदन भ्किकेर नक्कली प्रतिवेदन बनायो र मान्छे ठग्यो । अनि अनेक कथा बनाएर असम्बन्धित व्यक्तिका नाम जोड्नुको के औचित्य छ ?

तल प्रकाशित गरिएका टेन्डर तथा सुचनाहरु गोरखापत्र दैनिकबाट साभार गरिएको हो ।

## नेपाल विद्युत प्राधिकरण
### वितरण तथा ग्राहक सेवा निर्देशनालय
### मधेश प्रदेश, प्रादेशिक कार्यालय जनकपुर

**दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०८०।०२।०८)

१. मधेश प्रदेश, प्रा. कार्यालय जनकपुर (Email: janakpur.ro@nea.org.np, फोन नं. ०४१-४२४०७५)

| S.No. | Tender/SQ No. | Description of Works |
|---|---|---|
| 1 | NEA/MPPOJ/2079/080-ER-ADM-03(RE) | Supply and Delivery of Electric Rickshaw. |

For Details, Please visit : http://www.bolpatra.gov.np.

**थप जानकारीका लागि सम्बन्धित कार्यालयमा सम्पर्क गर्नुहोला ।**

## नेपाल विद्युत प्राधिकरण
### विद्युतीय सवारी चार्जिङ पूर्वाधार विकास आयोजना

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(दोस्रो पटक प्रकाशित मिति : २०८०।०२।०७)

यस आयोजना अन्तर्गत तपसिल अनुसारका कार्यहरू गर्न इजाजत प्राप्त मू.अ.क.(भ्याट)मा दर्ता भएका, आयकर तिरेका रजिस्टर्ड फर्महरूबाट दरभाउपत्रमा उल्लेखित सर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । साथै उल्लेखित दरभाउपत्र तथा सोसँग सम्बन्धित अन्य आवश्यक कुराहरू विस्तृत रूपमा बुझ्नुपरेमा कार्यालय समयभित्र सम्बन्धित कार्यालयबाट बुझ्न सकिनेछ ।

| सि. नं. | दरभाउपत्र नं. | कार्यको विवरण | दरभाउपत्र उपलब्ध हुने, दर्ता हुने एवं खोलिने कार्यालयको नाम ठेगाना | दरभाउपत्रको अन्तिम बिक्री मिति र समय | दरभाउपत्र दाखिला मिति र खोलिने समय | दरभाउ-पत्रको मूल्य रु. | बैंक तथा धरौटी खाता नं. ठेगाना | बिडबन्ड रकम रु. | बिडबन्ड अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | NEA/EV-2079/80-SQ-04-Re (पुनः प्रकाशित) | Civil works-Supply and Installation of Interlock Concrete works and accessories at Pokhara; Kalika Pump and Begnas around EV charging station. | विद्युतीय सवारी चार्जिङ पूर्वाधार विकास आयोजना फोन : ०१-४१५३०६०, ९८५११४०२३० e-mail: nea.evcidp@gmail.com | प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औँ दिनसम्म (कार्यालय समयभित्र) | दरभाउपत्र खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२ बजेभित्र दाखिला एवं सोही दिनको १ बजे खोलिने । | १,०००।०० | NMB बैंक लि., मा रहेको ने.वि.प्रा. विद्युतीय सवारी चार्जिङ पूर्वाधार विकास आयोजनाको धरौटी खाता नं. २०४०००१४६००००१६ मा जम्मा गरेको बैंक भौचर । | ४२,०००।०० | ७५ दिन (दरभाउपत्र खोलिने दिनबाट) |

## नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकारको स्वामित्व)
### वितरण तथा ग्राहक सेवा निर्देशनालय
### सुदूरपश्चिम प्रादेशिक कार्यालय, अछाम वितरण केन्द्र

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८०/०२/०७

यस सुदूरपश्चिम प्रादेशिक कार्यालय अन्तर्गत अछाम वितरण केन्द्रहरूका लागि तपसिल बमोजिमको कार्यहरू गराउनुपर्ने भएकोले इच्छुक योग्य फर्महरूबाट Public Procurement Monitoring Office (PPMO) को वेबसाइट www.bolpatra.com.np\egp मार्फत सिलबन्दी बोलपत्र/दरभाउपत्र खरिद गरी पेस गर्नहुन आह्वान गरिएको छ ।

| सि. नं. | बोलपत्र नं. | कार्य विवरण | सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र दाखिला गर्ने/खोल्ने अन्तिम मिति र समय | दरभाउपत्र फाराम दस्तुर रु. | बैंक खाता नं. | अनुमानित रकम (भ्याट सहित) | बिडबन्ड रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | NEA-ADC-2079/080-SQ-03 | Installation/Erection of LT pole and transformer at Safebagar Minicipality, Mangelsen Municipality, Kamalbazar Municipality, Turmakhad Rural Municipality, Dhakari Rural Municipality and Bannigadi Jaigad Rural Municipality of Achham District. | सूचना प्रकाशित भएको मितिले १५औँ दिनसम्म । | सूचना प्रकाशित भएको मितिले १६औँ दिनको १२ बजेभित्र दाखिला गर्ने र २:०० बजे खोल्ने । | १,०००।०० | Account Name: नेपाल विद्युत प्राधिकरण Rastriya Banijya Bank, Mangelsen Branch Current A/C No. 4260100000033001 | १३,०१,४८४।९५ | ३४,०००।०० |

## नेपाल विद्युत प्राधिकरण
### वितरण तथा ग्राहक सेवा निर्देशनालय
### बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय, हेटौँडा

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

सूचना प्रकाशित मिति : २०८०।०२।०७

१. रत्ननगर टाँडी वितरण केन्द्र (Email: tandi@nea.org.np, फोन नं. ०५६-६०८१६)

| S.N. | SQ No. | Description of Works |
|---|---|---|
| 1. | NEA/TDC- 079/080-SQ 05(RE) | 33/11/0.4 kv Line Construction and Transformer Installation Works From Hardi to Parsa |
| 2. | NEA/TDC- 079/080-SQ 06(RE) | HT/LT Line Construction and Transformer Installation at Kalika Na.Pa.Ward-8. |

For Details, Please visit: **www.bolpatra.gov.np/egp**

# तनहुँ जलविद्युत् आयोजनामा अठार सुरुङ खनिए

**दमौली, जेठ ।** तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना अन्तर्गत हालसम्म १८ सुरुङ खन्ने काम सकिएको छ । आयोजनाको प्याकेज-२ अन्तर्गत हालसम्म १८ सुरुङ खन्ने काम सकिएको हो ।

त्यस्तै एउटा सुरुङ खन्ने काम जारी रहेको आयोजना प्रमुख राजभाइ शिल्पकारले जानकारी दिनुभयो ।

आयोजनाका अनुसार एक हजार तीन सय ८३ दशमलव ८२ मिटरको प्रवेश सुरुङ, दुई सय ७० मिटरको मुख्य प्रवेश सुरुङ, तीन सय ५६ मिटरको मुख्य सुरुङतर्फको अडिट सुरुङ-१, एक सय दुई दशमलव सात मिटरको मुख्य सुरुङतर्फको अडिट सुरुङ-२, दुई सय १८ मिटरको मुख्य सुरुङतर्फको अडिट सुरुङ-३ र चार सय ३७ दशमलव १२ मिटरको सर्जट्याङ्कतर्फको सुरुङ खन्ने काम सय प्रतिशत सकिएको छ ।

एक हजार चार सय ५६ मिटरको हेडरेस सुरुङमध्ये हालसम्म आठ सय ७३ दशमलव आठ मिटर सुरुङ खनिसकिएको छ भने खन्ने कार्य जारी रहेको आयोजनाले जनाएको छ । त्यस्तै दुई सय २० दशमलव ५४ मिटरको पेनस्टक सुरुङ, ३८ दशमलव २० मिटरको मुख्य सुरुङको पेनस्टक तल्लो भाग, ६७ मिटरको पेनस्टक साफ्ट, २० दशमलव छ मिटरको वाइफरकेशन पेनस्टक तल्लो भाग, ४७ दशमलव ३७ मिटरको पेनस्टक वाइफरकेशन-१, ४७ दशमलव ३७ मिटरकै पेनस्टक वाइफरकेशन-२ सुरुङको काम सकिएको छ ।

एक सय चार दशमलव छ मिटरको ड्राफ्ट ट्युब सुरुङ, ५२ दशमलव तीन मिरको ट्रेलरेस ड्राफ्ट सुरुङ-१, ५२ दशमलव ३० मिटरकै ट्रेलरेस ड्राफ्ट सुरुङ-२, दुई सय १० दशमलव नौ मिटरको ट्रेलरेस सुरुङ, एक सय ८८ मिटरको केबल सुरुङ र तीन सय १५ मिटरको बाँधतर्फ जाने पहुँच सुरुङ खन्ने काम शतप्रतिशत सकिएको छ ।

सोही प्याकेज अन्तर्गतको विद्युतगृह




कङ्क्रिटिङ, ट्रेलरेस कङ्क्रिटिङ, केबल सुरुङ कङ्क्रिटिङ, ड्राफ्ट ट्युब सुरुङ कङ्क्रिटिङको काम चलिरहेको आयोजनाले जनाएको छ । आयोजनाको प्याकेज-२ अन्तर्गत नै हाइड्रोमेकानिकल कार्यको ठाडो सुरुङमा पेनस्टक पाइप जडान काम भइरहेको छ । हालसम्म २४ दशमलव छ मिटर जडान गरिएको आयोजना प्रमुख शिल्पकारले बताउनुभयो ।

प्याकेज-२ अन्तर्गत सिनो हाइड्रो कर्पोरेसन चीनले भूमिगत विद्युत्गृह, मुख्य सुरुङ र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालन लगायतका कार्य गरिरहेको छ । यो प्याकेजको निर्माण कार्यका लागि सिनो हाइड्रो कर्पोरेशनसँग विसं २०७५ असोज १५ गते युएस डलर एक अर्ब १४ करोड एक लाख ८८ हजार नौ सय ५८ र नेपाली रू तीन अर्ब ८३ करोड १३ लाख ६० हजार तीन सय ६१ मा खरिद सम्झौता भएको थियो ।

खरिद सम्झौता बमोजिम निर्माण कार्य सुरु गर्न कार्यादेश जारी गरेपश्चात् सिनोले विसं २०७५ माघ ६ गतेबाट आयोजनास्थलमा परिचालित भई निर्माण कार्य जारी राखेको छ । प्याकेज-१ अन्तर्गत डाइभर्सन सुरुङ-१ को माथिल्लो भाग वारपार (ब्रेक थ्रु) भएपश्चात् हाल यसलाई सडक सुरुङको रूपमा प्रयोगमा ल्याइएको जनाइएको छ ।

त्यस्तै रकबोल्ट जडान, गुणस्तर परीक्षण तथा थप सटक्रिटका कार्य जारी रहेको आयोजनाले जनाएको छ । प्रवेश सडकतर्फ सेती नदीको दायाँ किनारतर्फबाट बाँधको माथिल्लो भागतर्फ जाने प्रवेश सडकको किनारामा नाली निर्माण, ग्याबिन राख्ने लगायतका कार्य गरिएको आयोजनाले जनाएको छ ।

स्लोप खन्ने काम अन्तर्गत दायाँतर्फ आवश्यक सपोर्टसहित इलिभेसन तह स्लोप खन्ने कार्य इलिभेसन तह चार सय ३० मिटरमा पुगेको छ भने बायाँतर्फ सटक्रिट, वारमेश तथा रिब्स जडानसहित खन्ने कार्य जारी रहेको जनाइएको छ । प्याकेज-३ अन्तर्गत प्रसारण लाइन निर्माणका क्रममा हालसम्म ५५ वटा टावरको जग हाल्ने कार्य सकिएको छ ।

तेत्तीस वटा टावर जडान कार्य भएको छ भने शुँन्य दशमलव नौ हजार आठ सय ८३ किलोमिटर तार तान्ने काम सम्पन्न भएको आयोजना प्रमुख शिल्पकारले जानकारी दिनुभयो । नौ वटा टावरको जग संरक्षण सम्पन्न भएको, एक स्थानमा टावर जडान, एक स्थानमा संरक्षण कार्य र सात स्थानमा जग हाल्ने कार्य भइरहेको उहाँले बताउनुभयो ।

दमौली भरतपुर २२० केभी प्रसारण लाइन अन्तर्गत चितवनमा टार प्याड निर्माणका लागि आवश्यक पर्ने जग्गा अधिग्रहणका लागि मुआब्जा रकम वितरण सुरु भएको जनाइएको छ ।

प्याकेज-१ अन्तर्गत डाइभर्सन सुरुङको माथिल्लो भाग वारपार भएपश्चात् हाल यसलाई आवतजावतका लागि सडक सुरुङको रूपमा प्रयोगमा ल्याइएको छ । यो प्याकेज अन्तर्गत डाइभर्सन सुरुङ-१ आउलेट स्लोभ तथा पोर्टल, डाइभर्सन सुरुङ-२ आउलेट स्लोभ तथा पोर्टल, डाइभर्सन सुरुङ-१ इनलेट स्लोभ तथा पोर्टल तथा डाइभर्सन सुरुङ-२ इनलेट स्लोभ तथा पोर्टलको काम सम्पन्न भइसकेको छ ।


आयोजनाको समग्र निर्माण विसं २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडीबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ । -रासस

CHINT Next
CHINT ELECTRIC series
The Next Reliable Choice
Marketed in Nepal by:
Him Electronics Pvt. Ltd.

# एमसिसी परियोजना कार्यान्वयनबारे छलफल

विद्युत संसार संवाददाता

**काठमाडौं, जेठ ।** मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) को युरोप, एसिया, प्यासिफिक तथा ल्याटिन अमेरिका मामिलासम्बन्धी नायब उपाध्यक्ष जोनाथन ब्रूक्स नेतृत्वको प्रतिनिधिमण्डलले अर्थमन्त्री डा प्रकाशशरण महतसँग भेटवार्ता गरेको छ ।



भेटका क्रममा एमसिसीले मिलेनियम च्यालेन्ज अकाउन्ट नेपाल विकास समिति अन्तर्गत अघि बढाइरहेका परियोजना कार्यान्वयनको समग्र स्थितिबारे छलफल भएको अर्थमन्त्री महतको सचिवालयले जनाएको छ ।

एमसिसी सम्झौता कार्यान्वयनमा जाने मिति (अगस्त २०२३) नजिकै आएको र यो कार्यान्वयनमा गएको मितिले पाँच वर्षभित्र आयोजना सम्पन्न गरिसक्नुपर्ने सन्दर्भमा यसको पूर्वतयारीका अवस्थाका बारेमा जानकारी लिन एमसिसीका पदाधिकारीको भ्रमण भएको सचिवालयले बताएको छ ।

भेटघाटका क्रममा एमसिसी नायब उपाध्यक्ष ब्रूक्सले आयोजनाको जग्गा प्राप्ति, खरिद प्रक्रिया जस्ता पूर्वतयारीका काममा भएको प्रगतिप्रति सन्तोष व्यक्त गर्नुभयो । त्यसैगरी, सम्झौता कार्यान्वयनमा जानुपूर्व सम्पन्न भइसक्नुपर्ने बाँकी कार्यका बारेमा पनि दुवै पक्षबीच विस्तृत छलफल भएको जनाइएको छ ।

भेटका क्रममा अर्थमन्त्री डा महतले यो आयोजना पूर्वनिर्धारित समयावधिभित्रै सम्पन्न भई नेपालको आयोजना व्यवस्थापनमा उदाहरणीय बन्न सक्ने विश्वास व्यक्त गर्नाका साथै आयोजना चक्रमा आउने महत्वपूर्ण विषयहरूलाई कानूनको प्रक्रिया पूरा गरी यथाशीघ्र टुङ्ग्याउने प्रतिबद्धता जनाउनुभयो । मिलेनियम च्यालेन्ज नेपाल अकाउन्ट विकास समितिमार्फत करिब तीन सय १५ किलोमिटर चार सय केभी डबल सर्किट प्रसारणलाइन र करिब तीन सय पाँच किलोमिटर रणनीतिक सडक सञ्जाल विस्तार तथा मर्मतसम्भार परियोजनामा काम भइरहेको छ ।

## संघद्वारा सदस्य स्वास्थ्य परिक्षण कार्यक्रम आयोजना

भीमलाल श्रेष्ठ

**काठमाडौं, जेठ ।** काठमाडौं विद्युतीय व्यवसायी संघद्वारा आयोजित सदस्य स्वास्थ्य परिक्षण कार्यक्रम आयोजना गरेको छ । संघले गत ७ गते आइतबारदेखि समता अस्पताल कुमारीगाल काठमाडौंको सहकार्यमा सो कार्यक्रम आयोजना गरेको हो ।

संघका सचिव श्रीलाल श्रेष्ठले ७ गते आइतबार देखि सञ्चालनमा आएको सो स्वास्थ्य परिक्षण कार्यक्रममा आगामी शुक्रबारसम्म निरन्तरता हुने बताउनुभयो । सचिव श्रेष्ठका अनुसार



कार्यक्रममा संघका सदस्यहरूको उत्साहपूर्ण सहभागिता भइरहेको र नाम दर्ता अनुसार हरेक दिन १२ जनाको दरले स्वास्थ्य परिक्षण भइरहेको जानकारी दिनुभयो । स्वास्थ्य परिक्षणका लागि प्रतिव्यक्ति शुल्क दुई हजार तोकिएको संघले निकालेको सूचनामा उल्लेख गरिएको छ ।

सदस्य स्वास्थ्य परिक्षणमा कार्यक्रममा *Chest X-ray, Electrocardiogram (ECG), Ultrasonography (USG), ugine/Stool R/E* परिक्षण भइरहेको छ भने *Blood Test* अर्न्तगत *CBC, ESR, Blood Grouping, Thyroid Function Test (TFT), Renal Function Test (RFT), Lipid Profile, Uric Acid, Sugar Fasting, Liver Function Test (LFT), Serology-HIV,HB AG HCV* परिक्षण भइरहेको संघका सचिव श्रेष्ठले बताउनुभयो ।


## लोकतन्त्रको उपलब्धिको रक्षा गरौं ।

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

*यी लोकतन्त्रका विशेषता हुन, यिनको अवलम्बन गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड








**प्रकाशक**: अभि मिडिया प्रोडक्सन प्रा. लि, **प्रधान सम्पादक**: रामप्रसाद पौडेल, **सम्पादक**: भीमलाल श्रेष्ठ, **व्यवस्थापक**: मनोहर श्रेष्ठ, **डिजाइन**: शिखर श्रेष्ठ, **मुद्रण** : हाईडल प्रेस प्रा.लि.काठमाण्डौ
**कार्यालय**: सुन्धारा-११ चाइनाटाउन, काठमाडौं/**फोन** : ०१-५३४४८१४, **इमेल:** abhimedia111@gmail .com/bidhutsansar@gmail .com/**वेभ**: www .bidhutsansar .com